म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १०० २०७९ फगुन १८ गते बिहीबार 2 March 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

प्रदेश १ को नाम कोशी

बिराटनगरः संघीयताको ५ वर्ष लामो अभ्यासपछि प्रदेश १ ले नाम टुंगो लगाएको छ। प्रदेश सभाले दुई तिहाई बहुमतका साथ प्रदेशको नाम कोशी राख्ने प्रस्ताव पास गरेको हो। बुधबार साँझ भएको मतदानमा कोशीको पक्षमा ८२ मत खसेको छ। सत्तारुढ नेकपा एमाले, माओवादी केन्द्र, र राप्रपा तथा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रदेशसभा सदस्यले कोशीको पक्षमा मतदान गरेका छन्। विपक्षमा जम्मा ४ मत परेको छ। एकीकृत समाजवादीका चार सदस्यले विपक्षमा मत हारेका हुन्। कोशीको विपक्षमा रहेकी जनता समाजवादी पार्टीका एक्ला प्रदेशसभा सदस्य एवं मन्त्री निर्मला लिम्बुले भने मतदान गर्न पाइनन्। मतदान प्रक्रिया सुरु हुने बेला बाहिर परेकी उनी प्रदेशसभाको ढोका बन्द हुँदा रोकिएकी हुन्। प्रदेशको राजधानी भने पहिलो कार्यकालमै तोकिएको थियो। २३ वैशाख २०७६ मा प्रदेशसभाले स्थायी राजधानी विराटनगर तोकेको थियो।

राक्सिराङमा ५० चेपाङ परिवारलाई घर

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा ५० चेपाङ परिवारलाई घर उपलब्ध गराइने भएको छ। बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चेपाङ, वनकरिया, माझी र बोटे एकीकृत बस्ती तथा आवास निर्माणसम्बन्धी कार्यविधि २०७९ अनुसार राक्सिराङमा एकीकृत बस्ती अन्तर्गत चेपाङ परिवारका लागि ५० घर निर्माण गर्न लागेको हो।

एउटा घर निर्माणका लागि ४ लाख रुपैयाँ बजेट रहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभएको छ। उहाँले कम्तिमा १० घरपरिवारलाई एकै ठाउँमा रहने गरी एकीकृत बस्ती निर्माणको योजना रहेको बताउनुभयो। एकीकृत बस्तीमा बस्न ईच्छुक चेपाङ परिवारसँग पालिकाले ७ दिने सूचना निकालेर निवेदन माग गरिसकेको अध्यक्ष मल्लले जानकारी दिनुभयो। उहाँले निवेदन अध्ययन गरेर लाभग्राही छनौट गरिने बताउनुभयो।

कार्यविधि अनुसार चेपाङ समुदायको सामाजिक, साँस्कृतिक मूल्य-मान्यता सुहाउँदो किसिमको आवासको ढाँचा प्रदेश मन्त्रालयले उपलब्ध गराउने छ। प्रदेश मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयले आवासीय भवन निर्माण गर्नेछ। पहिरो वा सडक निर्माणका कारणले विस्थापित भएका, खरको छानो भएका, ऐलानी जग्गामा घर भएकाहरुलाई प्राथमिकतामा राखेर घर निर्माण गरिने बागमती प्रदेशका पूर्वराज्यमन्त्री सन्तबहादुर प्रजाले बताउनुभयो। जग्गा नभएकाहरुलाई जग्गा उपलब्ध गराएर एकीकृत बस्ती निर्माण गरिनेछ भने जग्गा भएका तर आवासको समस्या भएकाहरुलाई सम्बन्धितको जग्गा भएकै ठाउँमा घर निर्माण गरिने उहाँको भनाइ छ। एकीकृत बस्ती निर्माण गरिएको स्थानका लागि आवश्यक पर्ने पूर्वाधारहरु सडक, बिजुली, खानेपानी, ढल, खुल्ला क्षेत्र लगायतको निर्माण कार्य प्रदेश सरकारले नैं गर्ने गरी कार्यविधि तयार गरिएको छ।

सालकको खपटा र जिउँदो हुचिलसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-६ नौविसेमा सालकको खपटा र जिउँदो हुचिलसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। मंगलबार साँझ ६ बजेको समयमा हाप्सेचौरबाट नौविसे तर्फआउँदै गरेको बा प्र ३-०३-००१ ह ८५८ नम्बरको अटोमा सवार मकवानपुर जिल्लाको थाहा नगरपालिका-१२ लितिका १९ वर्षीय रमेश स्याङ्तान र धादिङ जिल्लाको थाक्रे गाँउपालिका-५ नयाँगाउँका ४७ वर्षीय बिनोद लामालाई पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

स्याङ्तान र लामाको साथबाट ५ किलो ३ सय ग्राम सालकको खपटा र जिउँदो हुचिल थान एक थान फेला परेको जनाएको छ। प्रहरीले सालकको खपटा र हुचिलसहित स्याङतान र लामालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

माओवादीको जनसम्बन्ध सुदृढ अभियान सुरु

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादी केन्द्र मकवानपुरले दुई महिने संगठन तथा जनसम्बन्ध सुदृढ अभियान सुरु गरेको छ। मंगलबार जिल्ला पार्टी कार्यालयमा आयोजित एक कार्यक्रमका बीच पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेलले अभियानको सुरुवात गर्नुभएको हो।

जमकट्टेलले हालसम्मको राजनीतिक उपलब्धी माओवादी केन्द्रको आन्दोलनको कारण भएकोले यसलाई संस्थागत विकास गर्नका लागि क्रियाशील हुन पार्टीका नेता तथा कार्यकर्ताहरुलाई अनुरोध गर्नुभयो। उहाँले प्रदेश सरकार र स्थानीय सरकारलाई नमूना योग्य बनाउन विशेष योजना तयार गरी सुझाव दिन आग्रह गर्नुभयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पार्टीको सम्बन्धलाई जनस्तरमा सुदृढ गरी विकेन्द्रित अभियान सञ्चालन गर्न निर्देशन दिनुभयो। उहाँले जनताको सल्लाह, सुझाव र चाहना अनुसार पार्टीको गतिविधि सञ्चालन गर्न आग्रह गर्नुभयो।

अभियानका क्रममा जिल्लाको संघीय र प्रदेश निर्वाचन क्षेत्रहरुमा मकवानपुरबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यहरुलाई कमाण्डर तोकिएको केन्द्रीय सदस्य प्रल्हाद लामिछानेले बताउनुभयो। लामिछानेले अभियानका क्रममा शहीद परिवार, घाईते, बेपत्ता योद्धा परिवार, पूर्व जनमुक्ति सेना भेटघाट, पार्टी सदस्यता नवीकरण, नयाँ सदस्यता वितरण गरिनुका साथै नागरिकहरुलाई आत्मनिर्भर बनाउन उत्पादन योजना निर्माण गरिने बताउनुभयो। उहाँले अभियानका क्रममा पार्टीलाई विकसित नयाँ प्रविधि अनुरुप अगाडि बढाउने समेत बताउनुभयो।

पार्टीको दुई महिने संगठन तथा जनसम्बन्ध सुदृढ अभियानका क्रममा पार्टीका सबै संगठनहरुलाई क्रियाशील बनाई नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने पार्टी जिल्ला समन्वय समितिका सचिव भीम पाखिनले बताउनुभयो। पार्टी जिल्ला समन्वय समिति संयोजक सर्केश घलानको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्यहरु सन्तोष बिष्ट, मान कुमारी पाखिन, पार्टी बागमती प्रदेश कमिटी उपाध्यक्ष तथा प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, जिल्ला समन्वय समितिका पदाधिकारीहरु लगायत पालिका कमिटी अध्यक्ष र पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

हेटौंडामा प्रदेशस्तरीय सूचना-प्रविधि मेला हुने

प्रदेशस्तरीय सूचना-प्रविधि मेलाबारे जानकारी गराउनुहुँदै संयोजक पुष्पराज पुडासैनी ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा पहिलो पटक बागमती प्रदेशस्तरीय सूचना-प्रविधि (क्यान इन्फोटेक) मेला हुने भएको छ। कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखाको आयोजनामा मेला हुन लागेको हो।

चैत २ गतेदेखि ६ गतेसम्म हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा मेला आयोजना हुनेछ। मेलामा कम्प्युटर तथा यसका हार्डवेयर, प्रिन्टर, सफ्टवेयर, सर्भिसिङ क्याम्प, एप्लिकेशन डिभाइस, वीमासम्बन्धी प्रदर्शनी तथा विक्री स्टल रहने जनाएको छ। मेलामा कुल ४० वटा स्टल रहने छ। कृषिमा डिजिटलाइजेसनको प्रयोग, नेटवर्किङ र सीसी टिभी तालिम हुने जनाएको छ। यस्तै शिक्षक, विद्यार्थी तथा युवालक्षित साइवर सुरक्षाजस्ता ३ वटा आइसिटी सेमिनारसमेत सञ्चालन हुने जनाएको छ।

मेलामा रोबार्ट र पब्जी प्रतियोगिताको आयोजना हुनेछ। गेममा राष्ट्रियस्तरका खेलाडीहरुको सहभागिता हुने जनाइएको छ। रोबार्ट र पब्जी दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २५, १५ र १० हजार रुपैयाँ प्रदान गरिने मेलाका संयोजक तथा बागमती प्रदेश अध्यक्ष पुष्पराज पुडासैनीले बताउनुभयो। मेलामा सूचना प्रविधिमा आधारित नयाँ आविष्कारलाई प्रदर्शनीको अवसर प्रदान गरिने संयोजक पुडासैनी बताउनुहुन्छ। प्रदेशका विभिन्न जिल्लाबाट प्रदर्शनीमा सहभागी हुन व्यवसायी आउनेछन्।

मेला आयोजनाका लागि करिब ६२ लाख रुपैयाँ लागत अनुमान गरिएको संयोजक पुडासैनीले बताउनुभयो। मेलामा विद्यार्थीलाई १० रुपैयाँ र अन्यलाई २५ रुपैयाँ टिकटको व्यवस्था गरिएको जनाएको छ। मेलामा इ-टिकटको पनि व्यवस्था गरिने जनाएको छ

पालुङमा आँखा शिविर सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा तिलगंगा सामुदायिक आँखा अस्पताल पालुङमा निशुल्क आँखा शिविरको सुरु भएको छ। थाहा नगरपालिका र पालुङ जेसीजको स्थानीय व्यवस्थापनमा भएको शिविरमा ९७ महिला र ६६ पुरुष गरी १६३ जनाको आँखा परीक्षण गरिएको पालुङ जेसीजका महासचिब सञ्जय गोपालीले बताउनुभयो।

शिविरमा थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिकाका आँखाका बिरामीहरुले सेवा लिएका छन्। शिविर शुक्रबारसम्म संचालन हुने आयोजकले जनाएको छ। आँखा परीक्षणबाट मोतिबिन्दुको लक्षण देखिएका बिरामीहरुको पालुङमै आज बिहीबार र भोलि शुक्रबार निशुल्क शल्यक्रिया गरिने तिलगंगा सामुदायिक आँखा अस्पताल पालुङकी प्रमुख बिनी महर्जनले बताउनुभयो। उहाँले आँखाको जटिल उपचार गर्नुपर्ने बिरामीहरुलाई काठमाडौ रिफर गर्ने र काठमाडौमा समेत निशुल्क उपचार गरिने बताउनुभयो।

शिविरमा पालुङ जेसीजका अध्यक्ष संगम कार्की महासचिव सञ्जय गोपाली, कोषाध्यक्ष माधव कार्कीको उपस्थिति रहेको थियो। शिविरमा तिलगंगा आँखा अस्पताल काठमाडौंका चिकित्सकको टोलीले आँखा परीक्षण गरेका छन्।

नेपाल टेलिकमको ल्याण्डलाईन माईग्रेशन सम्बन्धी सूचना !!!

यस कार्यालयबाट वितरण भएका ल्याण्डलाईन टेलिफोनलाई आधुनिक प्रविधि FTTH बाट सञ्चालन गर्न नेटवर्क विस्तार भई माईग्रेशन समेत भईसकेकोमा केहि ग्राहकहरु सम्पर्क हुन नसकेको कारण माईग्रेशन हुन नसकेकोले ७ (सात) दिन भित्र कार्यालयमा सम्पर्क गरी माईग्रेशन गराउन हुन अनुरोध छ।

नेपाल टेलिकम, हेटौंडा
०५७-५२०७०८

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

RightPath™ CAREER COUNSELLING Hetauda-4, School Road

यो समय हो, यु.के. को !
100% Visa Success Rate
Till Date
PHD
Master
Bachelor
Foundation
IELTS Optional*
Apply Now
Intake: April/May/September

Contact: 057-525154/9849720101/980194987

सम्पादकीय

सत्ता स्वार्थमा दलहरु

मुलुकमा राजनीतिक अस्थिरता बढ्दै गएको छ । दलहरुबीच गठबन्धन भएर सरकार गठन भएको दुई महिना नहुँदै गठबन्धन दलहरु सरकारबाट बाहिरिएका छन् । नेपाली कांग्रेसलगायत दलसँग गठबन्धन गरेर चुनाव लडेको नेकपा माओवादी केन्द्रले अचानक नेकपा एमालेसँग गठबन्धन गरी आफ्नो नेतृत्वमा सरकार बनायो । सबैभन्दा ठूलो दल र चुनाव अघिदेखि सहकार्य गरिरहेको दललाई पाखा लगाएर एकाएक एमाले तथा अन्य दलहरुसँग गठबन्धन गर्न पुगेका प्रचण्ड प्रधानमन्त्री भए पनि अहिले उनले गठबन्धन परिवर्तन गरेका छन् । राष्ट्रपति निर्वाचनका लागि प्रचण्डले एमालेलाई छाडेर कांग्रेस तथा अन्य साना दलहरुसँग गठबन्धन गरेका हुन् । प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गरेको एमालेले मात्र नभई राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकार छाडेका छन् । राष्ट्रपतिको आकांक्षा राखेको एमाललेलाई प्रचण्डले सहयोग नगरेपछि उसले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ ।

प्रधानमन्त्री प्रचण्डलाई दिइएको समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परेको छ । अब पुन: एक महिनाभित्र प्रचण्डले प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने बताइएको छ । प्रधानमन्त्री बन्न र बनाउन गरिएको गठबन्धन राष्ट्रपति बन्न र बनाउन भंग हुन्छ भने राष्ट्रपति निर्वाचनपछि प्रधानमन्त्रीले विश्वासको मत लिने समयमा फेरि गठबन्धन नफेरिएला भन्न सकिँदैन । देश र जनताका लागि राजनीति गरेको भन्ने दल तथा तिनका नेताहरु सत्ताका लागि लुछाचुँडी गर्नमै व्यस्त बन्दा राजनीतिक दलहरुप्रतिको वितृष्णा बढ्ने देखिन्छ । देश जनताको स्वार्थभन्दा आफ्नो र दलको स्वार्थमा रुमल्लिने हो संसदीय व्यवस्थाविरुद्ध नै जनमत नबढ्ला भन्न सकिन्न । हजारौंको बलिदान र त्यागबाट प्राप्त संघीयता र गणतन्त्र नै धरापमा पर्न सक्छ । दलहरुको पद तथा सत्ता मोहका कारण प्रतिगामी भनिनेहरुले चलखेल गर्ने मौका पाउनेछन् । साना-ठूला सबै दल तथा तिनका नेतृत्वलाई आफ्नै नेतृत्वमा सरकार बनाउनुपर्ने, आफ्नै दललाई प्रमुख मन्त्रालय चाहिने र राज्य संयन्त्रसँग जोडिएको प्रमुख पदमा पनि आफ्नै भाग खोज्ने परिपाटी संसदीय व्यवस्थाप्रति नै प्रत्युत्पादक बन्ने खतरा बढेको छ ।

मुलुकको संसदीय राजनीति र दलका नेतृत्व अचम्मकै छ । सामान्य नैतिकता नदेखाउनेमात्र होइन कि, देशको संविधान, नियम, कानुनलाई नेताहरुले अवज्ञा गर्दै आएका छन् । कानुन भनेको जनताको लागि मात्र हो भन्ने बुझाइ ठूला राजनीतिक दल र तिनका शीर्ष नेताको छ । राजनीतिक दल र तिनका शीर्ष नेताहरु मिलेपछि जे गरे पनि हुने भन्ने मानसिकता व्याप्त छ । राजनीतिक दल र नेताहरु आफू संविधानभन्दा माथि रहेको महसुस गर्दछन् । आफूले गरेका सबै काम विधिसम्मत हुने भ्रम उनीहरुमा छ । दशकौंदेखिको राजनीतिक अस्थिरतालाई कायम राख्नेमात्र नभई नयाँ नयाँ गठबन्धन र समीकरणको नाममा थप अस्थिरता निम्त्याइरहेका छन् । ‘राजनीतिमा असम्भव केही पनि हुँदैन’ भन्दै नेपाली राजनीतिलाई गाईजात्रा बनाउन शीर्ष नेतृत्व मरिहत्ते गरेर लाग्ने गरेको छ ।

दुई महिनाअघि प्रधानमन्त्रीमा प्रचण्डलाई समर्थन गरेर सरकारमा सहभागी भएको दलहरुले समर्थन फिर्ता लिएर सरकारलाई कमजोर बनाएका छन् । यसले दल तथा नेताहरुलाई सत्ता र स्वार्थको बार्गेनिङ गर्ने मौका दिएको छ । नेताहरुले चलखेल गर्ने ठाउँ पाएका छन् । ५ वर्षमध्ये आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति गरेको भन्दै गठबन्धन गरेका माओवादी र एमाले दुई महिना नभै अलगिएको छ । प्रधानमन्त्री चयन गर्ने समयमा प्रचण्डले एमालेसँग गठबन्धन गरेपछि रन्थनिएको कांग्रेसले राष्ट्रपति बन्न प्रचण्डसँग पुन: गठबन्धन गरेको छ । ठूला दल र नेता मिलेर राजनीतिक अस्थिरतालाई मलजल गर्नुले देश र जनताको हित कदापि गर्दैन । सार्वजनिकरुपमा एकअर्कालाई तथानाम गालीगलौज गर्ने दल तथा नेताहरु सत्ता स्वार्थमा एकाकार हुनुले उनीहरु सत्ता स्वार्थमा केन्द्रित भएको पुष्टि गर्दछ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुने समयको योग छ ।
वृष : परीक्षा प्रतियोगितामा पराजित भइने समयको योग ।
मिथुन : अध्ययन–अध्यापन दुवैमा सफलता प्राप्त योग ।
कर्कट : प्राविधिक क्षेत्रका काममा धन र समय व्यतित होला ।
सिंह : लेनदेनका काममा वादविवाद बढ्न सक्ने समय छ ।
कन्या : पाचन प्रणाली र स्वास्थ्यमा सुधार आउने समय ।
तुला : अध्ययन–अध्यापनमा मन जाने समयको योग छ ।
वृश्चिक : परिस्थितीलाई कुशलता पूर्वक निराकरण गर्न सकिनेछ ।
धनु : आफन्तजनको स्वास्थ्यमा समस्या योग देखिन्छ ।
मकर : काम धन्दाका समस्यामा केन्द्रित भइने समय छ ।
कुम्भ : व्यापार–व्यवसायबाट मध्यम फल प्राप्त ।
मीन : परिश्रमको प्रतिफल राम्रो रहने समय छ ।

एक चिकित्सकले देखेको दयनीय स्वास्थ्य सेवा

विवेकसिंह राठौर

चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम) नेपालको पहिलो मेडिकल कलेज हो जसले करिब पाँच दशकअघि देशमै चिकित्सक उत्पादन गर्न थाल्यो । आईओएमको स्थापना हुनुअघि स्वास्थ्य सेवा प्रणाली मुख्यतया पारामेडिक र सीमित चिकित्सकको भरमा थियो र ती डाक्टरहरूको शिक्षा र प्रशिक्षण विदेशमा हुने गर्थ्यो ।

एमबीबीएस डाक्टर उत्पादन गर्न विगत पाँच दशकमा देशमा स्थापित २१ मेडिकल कलेजमध्ये ४ सरकारी, १६ निजी र १ आर्मी मेडिकल कलेज रहेका छन् । नेपालमा सरकारी र निजी मेडिकल कलेजहरूको अनुपात १:४ छ ।

हालै २ नयाँ मेडिकल कलेजले एमबीबीएसको पाठ्यक्रम सुरु गर्न प्रधानमन्त्रीबाट सकारात्मक संकेत पाएका छन् । ५ थप मेडिकल कलेजहरू पाइपलाइनमा छन् र यही क्रम जारी र हने हो भने अबको केही वर्षभित्र देशमा लगभग २५ भन्दा बढी मेडिकल कलेजले डाक्टर उत्पादन गर्नेछन्। समग्रमा, प्रत्येक दुई वर्षमा नेपालले एउटा मेडिकल कलेज थप्दै आएको छ, तर यति हुँदाहुँदै पनि नागरिक देशको स्वास्थ्य सेवासँग खुशी देखिन्नन्। न त देशको स्वास्थ्य नीतिसँग डाक्टरहरू नै खुशी छन् ।

हुन त एउटा मेडिकल कलेजले प्रत्येक वर्ष गर्न सक्ने विद्यार्थी भर्नाको संख्या धेरै कुरामा भर पर्छ, तर औसतमा एउटा मेडिकल कलेजले हरेक वर्ष ७५ विद्यार्थी भर्ना गर्छ र देशमा हरेक वर्ष १५०० भन्दा बढी डाक्टर उत्पादन गर्छ।

यसबाहेक चीन, बंगलादेश, रूस, इजिप्ट, भारत, पाकिस्तान लगायत मुलुकमा डिग्री लिएर आएका नेपाली डाक्टरलाई समेट्दा देशमा वार्षिक २ हजारदेखि २५०० चिकित्सक थपिंदै आएका छन् । ५-६ वर्षको एमबीबीएस डिग्रीपश्चात् उनीहरू राष्ट्रिय काउन्सिल (नेपाल मेडिकल काउन्सिल) ले लिने परीक्षामा उपस्थित हुन्छन् र यो परीक्षाको उत्तीर्ण दर लगभग ५० प्रतिशत छ । यसले वार्षिक लाइसेन्स प्राप्त एमबीबीएस डाक्टरहरूको उत्पादन घटाएर लगभग १२०० मा रोकिदिन्छ ।

राम्रो संख्यामा चिकित्सक उत्पादन भए पनि देशमा गुणस्तरीय स्वास्थ्य सेवाको अभाव छ। नेपालमा यो दयनीय स्वास्थ्य सेवाको लागि प्रायः डाक्टरहरूलाई दोष लगाइन्छ । काठमाडौं उपत्यकामा प्रत्येक ८५० जनामा एकजना डाक्टर उपलब्ध रहँदा ग्रामीण क्षेत्रमा प्रति १५ लाख जनसंख्यामा केवल एक जना डाक्टर मात्र उपलब्ध हुन्छन् ।

डाक्टर-बिरामी अनुपातमा यो विसंगतिले स्वास्थ्य नीति र कार्यान्वयनमा मन्त्रालय र सरकारी निकायहरूप्रति धेरै प्रश्न खडा गरेको छ। वार्षिक बढ्ने १२०० चिकित्सकमध्ये सरकारले वार्षिक १००-२०० चिकित्सकलाई मात्र रोजगारी प्रदान गर्न सकेको छ । बीच-बीचमा खोलिने करार बाहेक सरकारी नीतिले उत्पादित डाक्टरलाई सदुपयोग गर्न सकेको छैन । फलतः हरेक वर्ष सयौं डाक्टरहरू विदेशिन्छन् । यो क्रम हरेक वर्ष बढ्दै गएको छ ।

काम गर्ने उचित वातावरण छैन । राजनीतिक अस्थिरता र दबाव त्यस्तै छ । समग्रमा स्वास्थ्य सेवा ध्वस्त बनिरहेको छ। सरकारी अस्पतालमा अझै पनि विभिन्न पद रिक्त छन् भने यता चिकित्सक बेरोजगार छन् । यसको मार नेपाली जनताले भोग्नु परेको छ। सीमित जनशक्तिको कारण सरकारी अस्पतालमा स्वास्थ्य सेवाको स्तर घट्दै गएको छ ।

राजधानीका धेरैजसो एमबीबीएस डाक्टरहरूले हप्ताको ७२ घण्टाभन्दा बढी काम गरेर मासिक ४० हजार रुपैयाँ पारिश्रमिक लिन्छन् । ७२ घण्टा काम गर्ने डाक्टरले बिरामीलाई गुणस्तरीय सेवा दिन सक्दैनन् । विशेषज्ञहरू पनि आफ्नो मासिक तलब र काम गर्ने घण्टामा सन्तुष्ट छैनन् । यो वातावरणले शारीरिक र मानसिक बोझ थुपार्दै गएको छ र डाक्टर आफैं मानसिक समस्या भोगिरहेका छन् ।

चिकित्सकहरूको अधिकार सुरक्षित र राम्रो काम गर्ने वातावरण सिर्जना गर्ने लक्ष्यका साथ स्थापना भएको चिकित्सकहरूको सबैभन्दा पुरानो संघ नेपाल चिकित्सक संघ (एनएमए) मा कुल दर्ता भएका चिकित्सकमध्ये ३० प्रतिशत सदस्य रहेका छन् । संघ विभिन्न कारणले व्यावसायिक अधिकार सुरक्षित गर्न असफल भएको छ ।

स्नातक र स्नातकोत्तरको उत्पादनमा बेमेलले धेरै एमबीबीएस डाक्टरहरूलाई देशले रोजगारी दिन सकेको छैन । स्वास्थ्य अनुसन्धानमा नेपाल धेरै पछि छ जसले चिकित्सकले देशमै अनुसन्धानकर्ताको रूपमा काम गर्न सक्ने वातावरण छैन । स्नातकोत्तर गरेपछि वैदेशिक रोजगारीमा जाने चिकित्सकको संख्या हरेक वर्ष बढ्दै गएको छ। छोटो अवधिको लागि नेपाली डाक्टरहरूले माल्दिभ्स र दुबईलाई प्राथमिकता दिन्छन् भने लामो अवधिको लागि धेरै जनाले संयुक्त राज्य अमेरिका रोज्ने गरेका छन्। दोस्रो प्राथमिकताको रोजाइ भने बेलायत बनेको छ।

सरकारी अस्पतालहरू कमजोर बन्दै गएपछि निजी अस्पताल/नर्सिङ होम/स्वास्थ्य सेवा केन्द्रको संख्या बढ्दै गएको छ तर यो बढ्दो संख्याले काम गर्ने चिकित्सकको आधारभूत माग पूरा गर्न सकेको छैन। नेपलिज डक्टर्स लाउन्ज (नेडोल) मेडिकल डाक्टरहरूलाई उनीहरूको शैक्षिक र व्यावसायिक विकासमा मद्दत गर्न कोभिडको समयमा सुरु गरिएको भर्चुअल लाउन्ज थियो । अहिले यो संस्था दर्ता भइसकेको छ । यसको भर्चुअल लाउन्जमा ११ हजार ४०० डाक्टर छन् । नेडोलद्वारा गरिएको सर्वेक्षणमा ३७ डाक्टरले ६ महिनासम्मको तलब नपाएको गुनासो पोखेका छन् र तिनीहरूमध्ये २० प्रतिशतले मात्रै आफ्नो व्यावसायिक आय सुनिश्चित गर्न कानुनी बाटो रोजेको बताए ।

जनचेतनाको अभाव, राजनीतिक दबाव, भ्रष्टाचार, उचित प्रशासनिक नीतिको अभाव, अव्यवस्थित स्वास्थ्य सेवा प्रणाली र असफल राष्ट्रिय स्वास्थ्य बीमा नेपालमा स्वास्थ्य सेवाको गुणस्तरमा बाधा पु¥याउने कारण हुन् । देशले चिकित्सकहरूका लागि गुणस्तरीय तलब र उचित वातावरण उपलब्ध गराउनमा बढी ध्यान केन्द्रित गर्नुपर्छ । राष्ट्रिय स्वास्थ्य नीतिले समयमै चिकित्सकहरू भर्ना गर्न सकेन भने नेपाली जनताले सुलभ स्वास्थ्य सुविधाबाट वञ्चित हुने निश्चित छ। विगतका वर्षको विश्लेषण प्रतिवेदन अनुसार राष्ट्रिय बीमाको निरीक्षण, अनुगमन र परिमार्जन गरिनुपर्छ । चिकित्सा अनुसन्धानलाई प्राथमिकता दिन जरूरी छ जसले गर्दा हामीले देशको स्वास्थ्य सेवा गुणस्तरलाई बलियो बनाउन सक्छौं ।

राजनीतिज्ञ र नीतिनिर्माताहरूले देशका मेडिकल कलेजहरूको संख्यालाई बढाउनु भन्दा चिकित्सा शिक्षा र तालिमको गुणस्तरमा बढी ध्यान दिनुपर्ने देखिन्छ। अहिलेको क्रम जारी रह्यो भने देशले चाँडै नै स्वास्थ्य सेवा संकटको सामना गर्नुपर्ने हुनसक्छ ।

(लेखक नेडोल (नेपलिज डक्टर्स लाउन्ज) का संस्थापक हुन्/**स्रोतः अनलाईनखबर**)

विद्यार्थी संगठन र स्ववियु निर्वाचनको औचित्य

आस्था घिमिरे

विद्यार्थी संगठन राजनीतिक चेतनाले अभिप्रेरित शैक्षिक र सामाजिक संस्था हो । यसले आम विद्यार्थीको भावनाको प्रतिनिधित्व गर्नुपर्छ ।

शैक्षिक मुद्दाहरूमा केन्द्रित रहँदै सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनको संवाहकको रूपमा भूमिका खेल्नुपर्छ । समग्र विभेद अन्त्यको लागि सिर्जनात्मक र प्रतिरोधात्मक आन्दोलनको नेतृत्व गर्नुपर्छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दालाई निरन्तर उठान गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता, बेरोजगारी र समग्र बेथितिहरूको विरुद्धमा खरो उत्रिनुपर्छ ।

उठान गर्नुपर्ने शैक्षिक समस्याहरू

मुलुकका लागि आवश्यक जनशक्ति उत्पादन गर्न राज्यसँग ठोस योजना छैन । व्यापारीहरूको नाफाका लागि सबैभन्दा सुरक्षित र भरपर्दो लगानीको थलो शिक्षा क्षेत्र भएको छ। अरु क्षेत्रबाट टाट पल्टिएका लगानीकर्ताले समेत शिक्षा क्षेत्रलाई नाफा परिपूर्तिको माध्यम बनाएका छन् । राज्यले सरकारी र सामुदायिक विद्यालयको स्तरोन्नतिको लागि प्रभावकारी योजना ल्याएको छैन। अव्यवहारिक शिक्षाले गर्दा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखाना जस्ता भएका छन्। त्यस्तै, असमान शिक्षाले धनी र गरिब बीचको खाडल गहिरिँदै छ । विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रहरु कागजी खोस्टा जस्ता छन्। पन्ध्र बिस वर्ष लगाएर शिक्षा आर्जन गरेपछि देशमा रोजगारी नपाएर विदेश जानुपर्ने बाध्यता छ । उता व्यवहारिक, प्राविधिक र सीपमूलक शिक्षा नारामा मात्र सीमित छन् । हाम्रा विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति विदेशमा मजदुरी गर्न जानुपर्ने अनि हाम्रो देशलाई विज्ञ आवश्यक पर्दा विदेशबाट मोटो रकम तिरेर ‘हायर’ गर्नुपर्ने अवस्था छ ।

विद्यार्थी संगठनले समीक्षा गर्नुपर्ने पक्ष

अधिकांश विद्यार्थी सङ्गठनहरु राजनीतिक दलका दातृसंस्थाको रूपमा छन्। पार्टीको सैद्धान्तिक आधारमा टेकेर मात्रै उनीहरुले अस्तित्व धानेका छन् । विगतको त्याग, समर्पण र बलिदानीको विरासतमा उभिएको विद्यार्थी सङ्गठनहरु यतिबेला प्रभावहीन र सङ्कटको अवस्थामा पुगेका छन्।

आजका विद्यार्थी संगठनका नेताहरू आफ्नै संगठन भित्रको आन्तरिक समस्यालाई समाधान गर्ने ल्याकत राख्दैनन् । सिधा भाषामा भन्दा विद्यार्थी संगठन छन्, आन्दोलन छैन। राजनीतिक दलका कार्यकर्ताहरु छन्, असली विद्यार्थी नेता छैनन् । आफूलाई विद्यार्थी संगठनको नेता भन्न रुचाउने मान्छेहरु, न विद्यार्थीको प्रमुख मुद्दामा केन्द्रित छन् न खस्कँदो शैक्षिक अवस्थाको बारेमा गम्भीर छन् । बरु पार्टीको गुट, उपगुटलाई समातेर व्यक्तिगत स्वार्थको दुनो सोझ्याउने काममा लिप्त छन् ।

शैक्षिक मुद्दालाई छाडेर केही संगठनका प्रतिनिधिहरु कलेजको सम्बन्धन र भर्ना लगायतको विषयमा मोलमोलाई गर्न समय खर्चिन्छन्। भ्रष्टाचार, अनियमितता जस्ता बेथितिहरुको विरोधमा खरो उत्रिनुपर्ने युवा विद्यार्थी नेताहरु आफै कर्मचारी सरुवा-बढुवामा घुस खान्छन् ।

युवा पुस्ताका नेता भन्न रुचाउनेहरु फिल्डमा जमेर स्थापित हुनु भन्दा ठूलाबडाको चाप्लुसी गर्नुमा आफूलाई सुरक्षित ठान्छन्। शैक्षिक माफियाहरूसँग घाँटी जोडेर निजी शैक्षिक संस्थामा लगानी गर्छन् । अनि आफै निजीकरण र व्यापारीकरणको विरोध गरेजस्तो गर्छन् । यी र यस्तै प्रकृतिका सीमा र कमजोरीलाई नसच्याए उनीहरुको राजनीतिक भविष्य मात्र होइन, सिंगो विद्यार्थी आन्दोलननै विकृत भएर जानेछ ।

के हो स्ववियु ?

स्वतन्त्र विद्यार्थी युनियन अर्थात् स्ववियु विद्यार्थीले विद्यार्थीकै लागि जन्माएको साझा संस्था हो । स्ववियु नेतृत्व उत्पादन गर्ने थलो हो । शिक्षा क्षेत्रका समग्र समस्याको उठान गर्ने आन्दोलन हो । साथै, विद्यार्थीका दैनिक जीवनसँग जोडिएका समस्याहरुको सहज समाधानको उपयुक्त माध्यम हो। विद्यार्थी र प्रशासन बीचको खाडल पुर्ने सेतु हो । शैक्षिक गुणस्तरमा ध्यान दिने अन्तरदृष्टि हो । विद्यार्थीहरुमा राजनीतिक चेतना जगाउने ज्ञान कुञ्ज हो। विद्यार्थीको हक हितको लागि बोल्ने संगठित आवाज हो ।

स्ववियु विद्यार्थीको क्षमता विकासको उपयुक्त मञ्च हो । शिक्षा क्षेत्रका सबै खाले बेथिति, विकृति, विसंगतिको कालो बादल हटाउने सुनौलो रवि किरण हो । विद्यार्थीको साथी हो, अनि अभिभावक हो । विद्यार्थीलाई छत्रछायाँ प्रदान गर्ने कल्पवृक्ष हो ।

स्ववियूको विरासतलाई नियाल्दा

कुनै समय सर्वसाधारणहरु राजनीतिक अधिकारबाट वञ्चित थिए। राजा महेन्द्रले सत्ता हातमा लिएपछि दलहरु प्रतिवन्धित भए। गुमेको राजनीतिक अधिकार प्राप्तिको सिलसिलामा विद्यार्थीहरुले संयुक्त आन्दोलनको खोजी गरे र साझा संस्थाको आवश्यकता महसुस गरे । जसको परिणामस्वरुप त्रिभुवन विश्वविद्यालयमा वि.स २०२० साल वैशाख १९ गते स्ववियुको स्थापना भयो ।

२०२० साल भदौ २० गते स्ववियुको पहिलो

...बाँकी पृष्ठ ३ मा

कामको मुल्यांकन समुदायबाट आउँछ

दोस्रो कार्यकालका लागि स्थानीय तहको निर्वाचनबाट निर्वाचित हेटौंडा उपमहानगरपालिकाका वडा सदस्यहरु अधिकांश नयाँ छन् । वडा सदस्य पदमा धेरैको ध्यान जान सकेको छैन । तर, निर्वाचनबाट सरकारको रुपमा कामको अनुभव हासिल गर्ने सबैभन्दा प्राथमिक तहको पद नै वडा सदस्य हो । वडा सदस्यमा पनि महिलाको उपस्थिति आरक्षण कोटामै सीमित छ । वडा सदस्य निर्वाचित भई काम गरिरहेका महिला जनप्रतिनिधिहरु कोही असाध्यै उत्साहित देखिन्छन् भने कोही सामान्य पदीय जिम्मेवारी जस्तो मात्रै महसुस गरिरहेका छन् । यस्तै पृष्ठभूमिमा हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा सदस्य गोमा सुनार र १९ नम्बर वडा सदस्य रमा गोलेसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:

रमा गोले, वडा सदस्य हेटौंडा-१९ गोमा सुनार, वडा सदस्य हेटौंडा-१०

वडा सदस्यको रुपमा वडामा नियमित रुपमा गर्नुपर्ने काम के-के हुन्छ ?
रमा: वडा सदस्यमा निर्वाचित भइसकेपछि म नियमित रुपमा बिहान साढे १० बजेदेखि दिउँसो ४ बजेसम्म वडा कार्यालयमा व्यस्त हुन्छु । हाम्रो वडामा विकट गाउँहरु पर्ने भएकोले टाढा-टाढाबाट सेवा लिनका लागि आउने मानिसहरुलाई उनीहरुले नजानेका र नबुझेका काम तथा कुराहरुमा सहजीकरण गर्ने भूमिका मैले निभाउँदै आएकी छु ।

तपाई कस्तो अवस्थाबाट वडा सदस्यको रुपमा उम्मेदवार हुने निश्चित हुनुभयो ?
गोमा: म समाजमा भिजेर काम गर्न थालेको त धेरै भइसक्यो । तर म वि.सं २०७२ सालदेखि मात्र नेकपा एमालेमा संगठित भएकी थिएँ । म दलितहरुको भातृ संगठनको नगर सचिवमा पनि छु । यस्तै पार्टीका धेरै संरचनामा कार्यभार वहन गर्दै जाँदा निर्वाचनको समयमा सबै दलितहरुको सल्लाह तथा सहयोगले नै म दलित कोटाबाट वडा सदस्यको उम्मेदवार निश्चित भएको हो ।

करिब ६ महिनाको अनुभवका आधारमा वडामा एकदम ध्यान दिनुपर्ने पक्ष के देख्नुभएको छ ?
गोमा: १० नम्बर वडा भनेको बसपर्क एरियामा पर्ने भएकोले यहाँ बजार व्यवस्थापन, रोड व्यवस्थापन, सडक बालबालिकाको व्यवस्थापन लगायतका विषयमा ध्यान दिनुपर्ने देखिन्छ । यो वडा सानो देखे तापनि गर्नुपर्ने काम धेरै छ । यहाँ समस्या धेरै छन् र अवसरहरु पनि धेरै छन् ।

अहिले वडाले के कुरालाई प्राथमिकता दिएर काम गर्दै हुनुहुन्छ ?
गोमा: अहिले हाम्रो वडाले भौतिक निर्माणको काम लगायत विशेषगरी शिक्षामा जोड दिँदै आएको छ । बालबालिका भविष्यको कर्णाधार भएकाले अहिलेदेखि नै बालबालिकामा लगानी गरी शिक्षित बनाउने अभियानमा लागेका छौँ ।

१९ नम्बर वडामा चाहीँ के-के विषयलाई प्राथमिकता दिएर काम गर्दै हुनुहुन्छ ?
रमा: १९ नम्बर वडामा पहिलो प्राथमिकतामा राखी पूर्वाधार विकासका कामहरु भइरहेको छ । हाम्रो वडामा शिक्षा र जनचेतनाको अभाव देखेकाले हामीले जनचेतनामुलक कार्यक्रमहरुमा जोड दिँदै छौँ । हाम्रो यो वडामा रहेका सामुदायिक विद्यालयहरुको अवस्था निकै नाजुक रहेकाले यसको सुधारलाई विशेष ध्यान दिँदै आएका छौँ ।

तपाईको वडामा कार्यविभाजन कसरी भएको छ ?
रमा: हाम्रो वडामा विद्यालयको संख्या धेरै भएकाले ३ जनाले विद्यालयको जिम्मेवारी सम्हाल्नुभएको छ । स्वास्थ्यसम्बन्धी जिम्मेवारी मैले सम्हाल्दै आएकी छु । हाम्रो चाहीँ कार्यविभाजन गरे तापनि सकेसम्म वा भ्याएसम्म सबैजनाले सबैतिर हेर्छौं ।

वडा अध्यक्षले तपाईहरुलाई कसरी परिचालित गर्दै हुनुहुन्छ ?
गोमा: वडाको कार्यभारको कुराहरुमा उहाँले सकेसम्म किताबहरुको अध्ययन गरेर आफैँ खोज्न लगाउनुहुन्छ र खोजेर नपाएका वा नजानेका कुराहरु हामीलाई सिकाउनुहुन्छ । वडा अध्यक्षले विशेषगरी हामीलाई जनप्रतिनिधि भइसकेपछि कहाँ, कति बोल्ने भन्ने कुरा सिकाउनुहुन्छ ।

वडा सदस्यको रुपमा काम गरिरहँदा पछि गएर मेयर, उपमेयर वा वडा अध्यक्ष हुने प्रारम्भिक अठोट कतिको गर्नुभएको छ ?
रमा: यो कुरामा अहिले नै त्यस्तो भन्न सक्ने अवस्था छैन । किनकी मेरो अहिलेको कार्यकालको कामको मुल्यांकन अनुसार पछिको निर्णय हुन्छ । कामको मुल्यांकन समुदायबाट आउँछ । उहाँहरुले अहिलेको वडा सदस्यमा जसरी नै चाहनुभयो भने नाई चाहीँ भन्ने छैन ।

नगर प्रमुख महिला हुँदा तपाईहरुलाई काम गर्न कतिको ऊर्जा मिलेको छ ?
रमा: हाम्रो नगरप्रमुख महिला हुँदा मलाई एकदम धेरै प्रेरणा मिलेको छ र गर्व पनि लागेको छ । हाम्रो नगरप्रमुखले एकदमै राम्रा-राम्रा काम गर्दै पनि हुनुहुन्छ । एउटा महिला भएर नगर प्रमुख भई यसरी काम गरिरहँदा पुरुष सरह महिलाले पनि काम गर्न सकिन्छ भन्ने कुराको प्रमाणित गरेर देखाउनुभएको छ । उहाँले गर्दा नै हामीले पनि सपना देख्ने बाटो खुलेको छ ।

नगर प्रमुखले ध्यान दिनुपर्ने देखिन्छ ?
गोमा: हाम्रो नगर प्रमुख पनि महिला नै हुनुभएकोले उहाँले हामी महिला जनप्रतिनिधिहरुलाई हरेक कुरामा सहयोग गर्नुहुन्छ । हामीलाई पनि सँगसँगै डोर्‍याउँदै यसरी नै अघि बढ्नका लागि उहाँलाई अनुरोध गर्न चाहान्छु ।

विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लामा भएको छुट्टाछुट्टै घटनामा एकै दिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको धादिङ, रसुवा, काभ्रे र दोलखा जिल्लामा सोमबार र मंगलबार भएका घटनामा ४ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

धादिङ जिल्लाको धुनिवेशी नगर पालिका-६, रुपाकोटमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । बद्रीटारबाट रुपाकोटतर्फ ढुङ्गा बोकी जाँदै गरेको बा प्र ३-००१ क ६४५६ नम्बरको टिपर निर्माणाधिन सडक भास्सिएर करिब २०० मिटर तल खसी दुर्घटना भएको थियो। दुर्घटनामा परी टिपर चालक धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-५, बद्रीटारका २९ वर्षीय सानोकान्छा तामाङको मृत्यु भएको हो । त्यस्तै टिपरमा सवार सहचालकसहित २ जना गम्भीर घाईते भएका छन् । उनीहरुको ललितपुरस्थित बी एण्ड बी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

यस्तै रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका-५ मा एकजनाको मृत्यु भएको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका-९ स्थायी घर भई हाल आमाछोदिङमो गुम्बामा मजदुरी काम गर्ने २५ वर्षीय धनसिं बिक काम गरिरहेको अवस्थामा अचानक छाति दुखेर उपचारका लागि जिल्ला अस्पताल पुर्‍याइएको थियो। बिकको उपचारको क्रममा मंगलबार दिउँसो ४ बजेर ५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यता काभ्रे जिल्लाको पाँचखाल नगरपालिका-४, लामीडाँडामा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। जिरोकिलोबाट पाँचखाल जाँदै गरेको बा ५ ख ३४९४ नम्बरको टिपरले विपरित दिशाबाट आउँदै गरेको बा ८५ प ९०१७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। टिपरको ठक्करबाट मोटरसाइकल चालक सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-७ का २९ वर्षीय गौतम तामाङ घाइते भएका थिए । उपचारका लागि धुलिखेल अस्पताल पुर्‍याउँदा डाक्टरले तामाङलाई मृत घोषणा गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले उल्लेख गरेको छ। मोटरसाइकलको पछाडि सवार १९ वर्षीया साँगी तामाङ मध्यम घाईते भएकी छिन्। टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-२, डम्फामा एकजनाको लडेर मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ३२ वर्षीया सुनिता थामी रहेको प्रहरीले जानकारी दिएको छ । थामी सोमबार घाँस काट्न जान्छु भनी गएकी थिइन् । घर फर्केन नआएपछि खोजी गर्ने क्रममा सुनितालाई घरदेखि ५ सय मिटर पर पहरोको खोँचमा मृत अवस्थामा भेटिएको प्रहरीले जानकारी दिएको छ।

विद्यार्थी संगठन...

निर्वाचन सम्पन्न भयो । नेपालमा अहिले विद्यमान १२ वटा विश्वविद्यालयमध्ये अधिकांशमा स्ववियु निर्वाचनको अध्यास हुन थालेको छ । एकतन्त्रीय पञ्चायती व्यवस्थाका विरुद्धको आन्दोलनमा स्वतन्त्र विद्यार्थी युनियनको भूमिका अग्रस्थानमा रहेको थियो ।

२०३० सालमा स्ववियुलाई समेत प्रतिवन्ध लगाएपछि विद्यार्थी आन्दोलनको रापताप भुसको आगोझैं भित्रभित्रै सल्कियो । जसका कारण तत्कालीन व्यवस्था धरासायी बन्दै गयो । यो सबै देखेका राजा वीरेन्द्रले २०३६ सालमा जनमत सङ्ग्रह गर्न बाध्य भए । सँगै स्ववियु पनि फुकुवा भयो । २०३५ सालदेखि २०६५ सालसम्म ३० वर्षको अवधिमा १४ पटक स्ववियु निर्वाचन सम्पन्न भयो । २०६५ साल यता भने स्ववियु निर्वाचन हुन सकेको थिएन । तर २०७९ चैत्र ५ गते १४ वर्षपछि स्ववियु निर्वाचन हुन गइरहेको छ ।

स्ववियुको औचित्य

शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने अनगिन्ती समस्याका चाङ छन् । विश्वविद्यालयमा सुधार गर्नुपर्ने असङ्ख्य पक्षहरु छन् । देश अस्थिर राजनीतिको भुमरीमा छ। नेपालको सामाजिक अवस्था कुरीति, कुसंस्कार र अन्धविश्वासले जेलिएको छ। गणतन्त्रवादी शक्तिहरूको फितलो कार्यशैलीको कारण प्रतिगमनकारी शक्तिहरू मसानघाटबाट टाउको उठाउन थालेका छन् ।

यी यावत् मुद्दाहरु बोकेर विद्यार्थी संगठन मैदानमा उत्रनुपर्छ। स्ववियुमार्फत् विद्यार्थी आन्दोलनलाई संस्थागत र आधिकारिक बनाउनु पर्छ । अझै पनि स्ववियुको औचित्य फराकिलो बन्दै गएको छ । यसका अलावा विश्वविद्यालयका पदाधिकारी र क्याम्पस प्रमुखको नियुक्तिमा हुने राजनीतिक भागबण्डाले अर्को विकृति निम्त्याएको छ । समय सापेक्षअनुसार पाठ्य पुस्तकहरु नबनाइनु, नयाँ नयाँ शैक्षिक कार्यक्रमहरु आउन नसक्नु, प्राध्यापक, कर्मचारी तथा शिक्षकहरुको स्तर खस्कँदै जानु पनि अर्को समस्या हो ।

स्ववियु मार्फत नै विद्यार्थी नेताहरु विद्यार्थीको बीचमा पुग्ने गर्छन्। विद्यार्थीको माझमा आफ्ना विचारहरु स्पष्ट राख्ने मौका पाउँछन् । यो विद्यार्थी नेताहरु सच्चिने माध्यम पनि हो । विद्यार्थीहरुप्रति उत्तरदायी र जवाफदेही रहने अभ्यास हो । संगठनको विचार, सिद्धान्त र कार्यक्रमका साथै विद्यार्थी नेताहरूको गतिविधि र ईमान्दारीतालाई जाँच्ने कसीसमेत हो ।

निश्कर्ष

आज हामी जुन दुनियाँमा बाँचेका छौ, त्यो राजनीतिबाट अछुतो छैन। देशमा राजनीतिले विकृति ल्याएको होइन । खराब मान्छेको हातमा राजनीतिक अधिकार परेका कारण देशको समग्र अवस्था विकृत भएको हो ।

राजनीतिक रुपमा सचेत हुन पाउनु मान्छेको नैसर्गिक अधिकार हो। ईमान्दार मान्छेहरु राजनीतिबाट पाखा लाग्नु भनेको खराब मान्छेहरुबाट शासित हुन तयार हुनु हो। त्यसैले, खराब मान्छेहरुका लागि मैदान खाली गरिदिनु हुँदैन । ईमान्दार र स्वच्छ छवि भएका मान्छेहरु राजनीतिमा आउनु पर्छ । अनि मात्र देशको अवस्था सुधार हुन्छ। राजनीति पनि एउटा साधना हो। त्याग, समर्पण र बलिदानीको पर्याय हो। सबै मान्छेले भाग लिन सक्छन् तर निरन्तरता दिन सक्दैनन् । विद्यार्थी आन्दोलनबाट सुरु भएको राजनीतिक यात्राले कतिलाई देशकै नेतृत्व लिने हैसियतसम्म लान सक्छ ।

आजको विद्यार्थी आन्दोलन र स्ववियुको भूमिकाले भोलिको दिनमा असल र सक्षम नेतृत्व उत्पादन गर्न सफल होस् । आउँदै गरेको स्ववियु निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित रुपमा सम्पन्न होस् । विद्यार्थी संगठनहरुलाई अग्रीम शुभकामना ।

(स्रोतः रातोपाटी)

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

पञ्चकन्याको कक्षाकोठाभित्र ढुङ्गैढुङ्गा



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२, पदमपोखरीको गोठदमारमा रहेको पञ्चकन्या प्राथमिक विद्यालयको कक्षाकोठाभित्र ढुङ्गा भरिएको छ । विद्यालय मर्ज भएर अलपत्र परेको विद्यालयको कक्षाकोठाभित्र ढुङ्गैढुङ्गा फालिएको हो ।

२ वर्षअघि विद्यालयका १ कक्षादेखि ४ कक्षासम्मलाई नजिकको विद्यालयमा मर्ज गरिएपछि ईसीडी कक्षामात्र सञ्चालन हुँदै आइरहेको विद्यालय स्थानीय युवाहरुको अखडा बनेको छ । विद्यालयको ढोका फोडेर ढुङ्गा र फोहोर वस्तुहरु विद्यालयको कक्षाकोठाभित्र फाल्ने गरिएको स्थानीयले बताएका छन् ।

एउटा कक्षाकोठाको ढोकासमेत फोरिएको छ भने विद्यालयकै अर्को भवनको झ्याल पनि फुटाइएको छ। २०५५ सालमा स्थापना भएको उक्त विद्यालयमा विद्यार्थीको संख्या कम हुँदै गएपछि मर्ज हुन पुगेको थियो। अहिले विद्यालयमा एक जना शिक्षकले ईसीडी कक्षामात्र पढाउने गरिएको छ।

त्रासपूर्ण वातावरणमा साना नानीबाबुहरुलाई अध्यापन गर्नुपरेको विद्यालयकी ईसीडी शिक्षक पार्वती लामाले बताउनुभयो। एकातिर विद्यालयको शैक्षिक भवनमा ढुङ्गा प्रहार गरेको र अर्कोतिर दिवा खाजा चोरेर खाने गरेको लामाले गुनासो गर्नुभयो। उहाँका अनुसार पान्तलेका युवाहरुको समूहले यस्तो गरेका हुन् ।

विद्यालय जङ्गल छेउमै रहेकाले लागूऔषध सेवन गर्ने मानिसहरुसमेत आउने गरेको उहाँले बताउनुभयो । जसले गर्दा त्रासपूर्ण वातावरणमा अध्यापन गर्नुपरेको उहाँको गुनासो छ। त्रासपूर्ण वातावरणमा अध्यापन गर्नुपरेकाले आउँदो शैक्षिक सत्रमा भने नजिकैको बुद्ध माध्यमिक विद्यालयमा अध्यापनका लागि जाने कोसिसमा रहेको बताउनुभयो । कक्षा-४ सम्म पढाइ भइरहेको विद्यालयमा अहिले ईसिडी कक्षामात्र सञ्चालन भइरहेको छ । विद्यालयमा अहिले करिब १५ जना विद्यार्थी अध्ययनरत् छन् ।

सहायक प्रहरी हवल्दारको मृत्यु

धनगढीः बैतडीमा ड्युटीको क्रममा बेहोस भएका प्रहरी सहायक हवल्दारको मृत्यु भएको छ ।

बुधबार बैतडीको मेलौली नगर पालिका-२ सलेना अस्थायी प्रहरी चौकीमा कार्यरत रहेका ३२ वर्षीय प्रहरी सहायक हल्वदार नविन चौधरी ड्युटीको क्रममा बेहोस भएका थिए। अपराह्न साढे ५ बजेतिर ड्युटीमै बेहोस भएका उनको उपचारका लागि स्वास्थ्य चौकीमा पुर्‍याइएको थियो। स्वास्थ्य चौकीमा उपचारको क्रममा साँझ ७ बजेतिर डाक्टरले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय बैतडीका सूचना अधिकारी प्रहरी निरीक्षक लोकराज जोशीले जानकारी दिए ।

मृतक सहायक हल्वदारको घर कैलालीको कैलारी गाउँपालिका-७ हो । (स्रोतः ससेतोपाटी)

निःशुल्क सीपमुलक तालिमको सुवर्ण अवसर

सुचना प्रकाशित मितिः- २०७९/११/१८ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बागमती प्रदेश, हेटौंडा, मकवानपुरको आ.व. २०७९/८० को स्वीकृत कार्यक्रमअनुसार क्रियटिभ स्किल्स प्रालि बीरगंज-पर्साको आयोजनामा हेटौंडा उपमहानगरपालिका-१० मा ६५ दिने (३९० घण्टा) टेलरिङ्ग- तह-१ (२० जनाका लागि) तालिम संचालन हुन गइरहेको हुँदा, तालिम लिन ईच्छुक १८ बर्ष पुगेका र ४० बर्ष ननाघेका बेरोजगार महिला, दलित, अदिवासी, जनजाति, विपन्न, पिछडिएका, लोपोन्मुख वर्ग, एकल महिला/पुरुष, अपाङ्गता भएका आदि) नेपाली युवा-युवतीहरुलाई यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिल बमोजिमका कागजातसहित सम्बन्धित स्थानमा आवेदन फारम भरेर बुझाउन अनुरोध गरिन्छ ।

तपसिल:
आवश्यक कागजातहरु- १ प्रति नागरिकताको फोटोकपि र २ प्रति पासपोर्ट साईजको फोटो ।
फारम पाउने स्थान:
१. हेटौंडा उपमहानगरपालिका-१०, कर्रा टोल/सम्पर्कः बिमला श्रेष्ठः ९८४५२८९५०८
२. हेटौंडा उपमहानगरपालिका-१०, सीता भवन/सम्पर्कः युवराज न्यौपानेः ९८०२९२९६०१
थप जानकारीका लागि- क्रियटिभ स्किल्स प्रालि, बीरगंज-८, पर्सा, सम्पर्क नं. ९८०२९३०२२५

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सिन्धुली र सर्लाहीमा ७६ जनामा मोतिविन्दु पहिचान

आँखा परीक्षणको प्रारम्भिक चरणमा सेवाग्राही ।

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुरको आयोजनामा सिन्धुली र सर्लाही जिल्लामा भएको निशुल्क आँखा शिविरमा थप ७६ जनामा मोतिविन्दु देखिएको छ । बुधबार सिन्धुलीको हरीहर पुरगढी-३ स्थित पिपलमाढी स्वास्थ चौकीमा भएको आँखा शिविरमा २ सय ५० जनाको आँखा परीक्षण गर्दा ४० जनामा र सर्लाहीको ईश्वरपुर नगर पालिका-५, रानीगञ्जमा १ सय ३८ जनाको आँखा परीक्षण गर्दा ३६ जनामा मोतिविन्दु देखिएको छ ।

यसअघि मंगलबार रोटरी क्लब अफ मकवानपुरको आयोजनामा बारा र सिन्धुली जिल्लामा भएको निशूल्क आँखा शिविरमा ७३ जनामा मोतिविन्दु पहिचान भएको थियो ।

आज बिहीबार मकवानपुरको कैलाश गाउँपालिका-९, नामटार र रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा आँखा शिविरको आयोजना हुनेछ । शिविरमा मोतिबिन्दु पहिचान भएका विरामीको शुक्रबारदेखि हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गर्न सुरु गरिने जनाएको छ ।

कैलाशमा वडा अध्यक्ष कप फुटबल हुने

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिकामा अन्तर वडा अध्यक्ष कप फुटबल प्रतियोगिता हुने भएको छ । मंगलबार कैलाश गाउँपालिका खेलकुद विकास समितिले सूचना जारी गर्दै प्रतियोगिता हुने जनाएको हो ।

आगामी फागुन २७ गतेदेखि ३० गतेसम्म प्रतियोगिता हुनेछ । प्रतियोगितामा खेलाडी सभागी ग राउन वडा कार्यालयलाई आग्रहसमेत गरिएको छ ।

नामटार–९ स्थित फुटबल चौरमा प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः ६० हजार रुपैयाँ, ४० हजार रुपैयाँ र २० हजार रुपैयाँ प्राप्त गर्ने पालिकाले जनाएको छ ।

काष्ठ हस्तकलाको एड्भान्स तालिम सुरु

समाज संवाददाता

हेटौंडाः काष्ठ हस्तकलाको एड्भान्स तालिम सुरु भएको छ । मंगलबारदेखि सुरु भएको तालिम आगामी चैत्र १६ गतेसम्म सञ्चालन हुनेछ ।

तालिममा ५ जना सहभागी छन् । तालिममा ठेकी, मायाको चिनो, होटलमा प्रयोग गर्ने ऐना, फ्रेम लगायतका सामग्रीहरु बनाउने तालिम दिइने अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार मकवानपुरको चिनारी ठेकिलाई प्रवर्द्धन गर्ने उद्देश्यले तालिम दिइएको हो । प्रशिक्षक राजेन्द्र शिल्पाकारले तालिममा प्रशिक्षण दिइरहनु भएको छ । सिडिए नेपाल र अस्मिता नेपालले संयुक्तरुपमा तालिमको आयोजना गरेको हो ।

हार्दिक बधाई

मकवानपुर सुनचाँदी व्यवसायी संघको हालै सम्पन्न अधिवेशनबाट पवन शाक्यको अध्यक्षतामा सर्वसम्मत निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

न्यू लुनिभा ज्वेलर्स परिवार
हेटौंडा-१०, बासुदेव मार्ग

बालक्लब पदाधिकारीलाई क्षमता अभिवृद्धि तालिम

समाज संवाददाता

हेटौंडाः बालक्लबका पदाधिकारीहरुलाई २ दिने क्षमता अभिवृद्धि तालिम दिन सुरु गरिएको छ । बुधबार देखि हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा तालिम दिन सुरु गरिएको हो ।

विद्यालयमा आधारित बालक्लबका पदाधिकारीलाई बिहीबार पनि क्षमता अभिवृद्दि तालिम दिइनेछ । हेटौंडा उपमहानगरपालिकाले २०८० साल मंसिर मसान्तभित्र हेटौंडालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने जनाएको छ ।

उपमहानगरको बालमैत्री स्थानीय शासन अवलम्बनलाई मध्यनजर गर्दै बालक्लबका पदाधिकारीलाई तालिम दिइएको छ । उपमहानगरलाई बालमैत्री बनाउनुअघि विद्यालयलाई बालमैत्री बनाउने उद्देश्यले बालक्लबका पदाधिकारीलाई क्षमता अभिवृद्दि तालिम दिइएको हो । तालिमले विद्यालयलाई बालमैत्री बनाउन सहयोग पुग्ने बताइएको छ ।

२ वटा समूहमा पदाधिकारीलाई तालिम दिन सुरु गरिएको छ । तालिममा सामुदायिक र संस्थागत विद्यालयका करिब एक सय ३० जना बालक्लब पदाधिकारी सहभागी रहेका छन् ।

तालिमको पहिलो दिन वाक कला र व्यक्तित्व विकास र बालमैत्री स्थानीय शासनसम्बन्धी तालिम दिइएको छ ।

तालिममा छवि अनित्यले वाक कला र व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण दिनुभएको छ । यस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख विष्णुकुमारी लामिछानेले बालमैत्री स्थानीय शासनसम्बन्धी प्रशिक्षण दिनुभएको छ । दोस्रो दिन बिहीबार साहित्य र पठन संस्कृति, बालअधिकार र सम्बन्धित पक्षहरु, बाल क्लबको काम, कर्तव्य र अधिकारबारे प्रशिक्षण दिइनेछ ।

साहित्यकार श्याम बानियाँले साहित्य र पठन संस्कृतिबारे प्रशिक्षण दिनुहुनेछ । यस्तै, सिविन बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले बालअधिकार र सम्बन्धित पक्षहरुबारे प्रशिक्षण दिनुहुनेछ । हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले बाल क्लबको काम, कर्तव्य र अधिकारबारे प्रशिक्षण दिएपछि तालिमा समापन हुने जनाइएको छ ।

गाउँपालिका अध्यक्षद्वारा जन्मदिनमा मामाघरलाई सहयोग

सहयोग रकम हस्तान्तरण गर्नुहुँदै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले जन्मदिनको अवसरमा हेटौंडा-११ स्थित मामाघर नेपाललाई सहयोग गर्नुभएको छ । अध्यक्ष कालाखेतीले बुधबार मामाघर नेपालमै पुगेर १० हजार रुपैयाँ सहयोग गर्नुभएको हो ।

सडक बालबालिकाको उद्दार, संरक्षण र पारिवारिक पुनर्मिलनको कार्य गर्दै आएको मामाघर नेपालमा १९ जना बालक आश्रित छन् । मामाघर नेपालमा आश्रित बालबालिकाका लागि हरेक दिन सहयोग प्राप्त हुने गरेको छ । कष्टकर र जोखिमपूर्ण जिवन बिताउँदै आएका सडक बालकको उद्दार गरी मामाघर नेपालले उनीहरुको सुरक्षित आवास, खाना र शिक्षाको सुनिश्चितता गर्नुका साथै व्यक्तित्व विकासको क्रियाकलापमा पनि सहयोग गरिरहेको छ ।

हार्दिक बधाई

मकवानपुर सुनचाँदी व्यवसायी संघको हालै सम्पन्न अधिवेशनबाट पवन शाक्यको अध्यक्षतामा सर्वसम्मत निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

केशव रसाईली, प्रोप्राइटर
एवम् न्यू नवदुर्गा सुनचाँदी पसल परिवार
हेटौंडा-१, राप्तीरोड

काँग्रेस मकवानपुरले सम्झियो संस्थापक

पार्टीका संस्थापक सूवर्ण शमशेर राणाको तस्वीरमा पुष्प गुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै काँग्रेस मकवानपुरका सचिव भीमसेन महत ।

समाज संवाददाता

हेटौंडाः नेपाली काँग्रेस मकवानपुर जिल्ला समितिले पार्टीका संस्थापक सूवर्ण शमशेर राणालाई सम्झेको छ । राणाको ११२ औं जन्मजयन्तीका दिन बुधबार उहाँप्रति श्रद्धाञ्जली सभाको आयोजना गरेको छ । हेटौंडा-२ स्थित पार्टी जिल्ला कार्यालयमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको हो ।

नेपाली काँग्रेस मकवानपुरका सचिव भीमसेन महत लगायत पार्टीका नेता कार्यकर्ताहरुले राणाको फोटोमा माल्यार्पण गरेर श्रद्धाञ्जली व्यक्त गरेका थिए । सचिव महतले नेता कार्यकर्ताहरुलाई संस्थापक राणाको बारेमा चर्चा गर्नुभयो । सचिव महतले संस्थापक राणा राणा शासन विरूद्धको आन्दोलनमा व्यापक रूपमा लागेको बताउनुभयो । राणा नेपालको २० औं प्रधानमन्त्रीसमेत हुनुहुन्थ्यो ।

पार्टीका संस्थापक सूवर्ण शमशेर राणाको तस्वीरमा पुष्प गुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै काँग्रेस मकवानपुरका सचिव भीमसेन महत ।

काँग्रेस मकवानपुरले सम्झियो संस्थापक

हेटौंडाः नेपाली काँग्रेस मकवानपुर जिल्ला समितिले पार्टीका संस्थापक सूवर्ण शमशेर राणालाई सम्झेको छ । राणाको ११२ औं जन्मजयन्तीका दिन बुधबार उहाँप्रति श्रद्धाञ्जली सभाको आयोजना गरेको छ । हेटौंडा-२ स्थित पार्टी जिल्ला कार्यालयमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको हो ।

नेपाली काँग्रेस मकवानपुरका सचिव भीमसेन महत लगायत पार्टीका नेता कार्यकर्ताहरुले राणाको फोटोमा माल्यार्पण गरेर श्रद्धाञ्जली व्यक्त गरेका थिए । सचिव महतले नेता कार्यकर्ताहरुलाई संस्थापक राणाको बारेमा चर्चा गर्नुभयो । सचिव महतले संस्थापक राणा राणा शासन विरूद्धको आन्दोलनमा व्यापक रूपमा लागेको बताउनुभयो । राणा नेपालको २० औं प्रधानमन्त्रीसमेत हुनुहुन्थ्यो ।



विद्यार्थी भिषामा
JAPAN
जानको लागी October Intake 2023
जापानीज कक्षा सञ्चालन भईरहेको छ ।
EDUCATION
HIT EDUCATION
Hetauda-4, Ajar Amar Road, Sigma Complex 4th Floor, Makawanpur
Cont: 057-591400, 9855071400, 9845624441

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा

घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

Group of Engineering Pvt. Ltd.
केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ